गण्डकी प्रदेश सरकार

# कृषि तथा भूमि व्यवस्था मन्त्रालय

पोखरा, नेपाल

## जग्गा चक्लाबन्दी कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव आव्हानको सूचना

*प्रकाशित मिति २०८०/०९/०४*

यस मन्त्रालयको आ.व. २०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार विभिन्न कित्ताहरुमा विभाजित जग्गाको एकीकरणवाट जग्गाको चक्लाबन्दी तथा भू-पूर्वाधार विकास गरी कृषि उत्पादन सम्बन्धी कार्य गर्न ईच्छुक कृषक समूह/सहकारी/संस्था साथै कृषि फर्म र कृषि कम्पनी समेतबाट पत्रिकामा प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र तपसिलमा उल्लेखित कागजात सहित प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ। प्रस्तावपत्रको ढाँचा र कार्यक्रम सम्बन्धी जानकारीका लागि मन्त्रालयको वेबसाईट: molmac.gandaki.gov.np वाट **'बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि,** २०७७' र **'जग्गा चक्लाबन्दी कार्यक्रम संचालन मापदण्ड,** २०७७' डाउनलोड गरि हेर्न सकिनेछ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश गरिने छैन। थप जानकारीका लागि मन्त्रालयको फोन नं. ०६१-४५७८८५ मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

**तपसिल :**

- बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि, २०७७को अनुसूची-३ बमोजिमको निवेदन एवं दफा १६ को उपदफा (३) मा उल्लिखित अन्य कागजातहरु।
- जग्गा चक्लाबन्दी कार्यक्रम संचालन मापदण्ड, २०७७को अनुसुची-१ बमोजिमको प्रतिवद्धता पत्र र अनुसुची-२ बमोजिमको प्रस्ताव पत्र।
- चक्लाबन्दी कार्यक्रममा सहभागी हुने सबै जग्गाधनीहरुको नागरिकताको प्रतिलिपी, जग्गाहरुको जग्गा धनी प्रमाणपूर्जा, कित्ता संकेत गरेको कित्तानापी नक्सा।